# असोजमा निर्यात थाल्ने गरी यही महिना बंगलादेशसँग विद्युत् व्यापार सम्झौता

## भारतमा तीन वर्षदेखि विद्युत् निर्यात गर्दै आएको नेपाललाई बंगलादेशमा समेत निर्यातको ढोका खुल्दै, नेपाल-भारत-बंगलादेशबीच त्रिपक्षीय साझेदारीमा दक्षिण एसियाको पहिलो उपक्षेत्रीय विद्युत् व्यापार

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

नेपालबाट दैनिक ४० मेगावाट विद्युत् आयात-निर्यात गर्ने यसअघिको समझदारी कार्यान्वयनबारे बंगलादेशको नयाँ सरकारलाई गरिएको पत्राचारमा सकारात्मक जवाफ आएको छ।

राजनीतिक परिवर्तनपछि बंगलादेशमा नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुसको नेतृत्वमा अहिले अन्तरिम सरकार छ। नयाँ सरकारलाई विद्युत् व्यापारसम्बन्धी यसअघिको समझदारीलाई कार्यान्वयन गर्ने गरी सेप्टेम्बर पहिलो वा दोस्रो साता (भदौको अन्तिम दुई साता)मध्ये अनुकूल समयमा सम्झौता गर्न नेपालले लिखित प्रस्ताव गरेको थियो। उक्त प्रस्तावमा सेप्टेम्बर पहिलो साता (१६ देखि २२ भदौ) सम्झौता गर्ने गरी बंगलादेशी अधिकारी काठमाडौं आउने जानकारी दिएको ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्रालयका प्रवक्ता चिरञ्जीवी चटौतले जानकारी दिए।

'हामीले बंगलादेशलाई सेप्टेम्बर पहिलो वा दोस्रो सातामा सम्झौता गर्न सकिने भनेर पत्र पठाएका छौँ। त्यसमा बंगलादेशले सेप्टेम्बर पहिलो साता अनुकूल हुने अनौपचारिक जानकारी पनि दिइसकेको छ,' उनले भने, 'सम्भवतः सेटेम्बर पहिलो साता (भदौ १६ देखि २२ भित्र) नै विद्युत् बिक्री सम्झौता हुनेछ। यद्यपि, हामीले प्रस्ताव गरे पनि मिति पक्का हुन बाँकी छ। तर, छिट्टै सम्झौतापत्रमा हस्ताक्षर हुनेमा हामी ढुक्क छौँ।'

उनका अनुसार बंगलादेशले औपचारिक रूपमा मिति तोक्न बाँकी छ। यद्यपि, भदौभित्रै ४० मेगावाट विद्युत् खरिद-बिक्री सम्झौतापत्रमा हस्ताक्षर हुनेमा नेपाली पक्ष आशावादी छ। सम्झौता भएको दुई सातामा बंगलादेशतर्फ विद्युत् निर्यात सुरु गर्ने विद्युत् प्राधिकरणको तयारी छ।

नेपालबाट भारतीय प्रसारणलाइन हुँदै बंगलादेशमा ४० मेगावाट विद्युत् निर्यात गर्नेसम्बन्धी सम्पूर्ण तयारी पूरा भइसकेको प्राधिकरणले जानकारी दिएको छ। बंगलादेशसँग विद्युत् खरिद-बिक्री सम्झौता हुनासाथ भारतसँग पनि स्वीकृति लिने प्रक्रिया सुरु हुनेछ।

हस्ताक्षर समारोहमा बंगलादेशका ऊर्जा मन्त्रालयका सचिव हबिबुर रहमान र बंगलादेश पावर डेभलपमेन्ट बोर्डका प्रमुख कार्यकारी उपस्थित हुने जानकारी आइसकेको छ। अहिले त्यहाँ ऊर्जामन्त्री छैनन्। मुहम्मद फबजुल कबिर खानलाई मन्त्रीकै दर्जामा ऊर्जा मन्त्रालयको सल्लाहकार तोकिएको छ। उनी त्यहाँबाट भर्चुअल रूपमै उपस्थित हुनेछन्।



१ जेठ ०८० मा बंगलादेशमा सम्पन्न द्विपक्षीय ऊर्जा बैठकमा नेपालबाट ४० मेगावाट विद्युत् निर्यात गर्ने समझदारी गरिँदै। फाइल तस्बिर



> बंगलादेशलाई भदौ १६ देखि ३० सम्म सम्झौता गर्न सकिने भनेर पत्र पठाएका छौँ। त्यसमा बंगलादेशले पनि अनुकूल भएको अनौपचारिक जानकारी पनि दिइसकेको छ। सम्भवतः यही अवधिमा सम्झौतापत्रमा हस्ताक्षर हुनेमा ढुक्क छौँ।
>
> ● **चिरञ्जीवी चटौत**, प्रवक्ता, ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्रालय






नेपालको तर्फबाट ऊर्जामन्त्री दीपक खड्का नेतृत्वको प्रतिनिधिमण्डल हुनेछ।

उनीहरूको उपस्थितिमा नेपाल विद्युत् प्राधिकरण, बंगलादेश पावर डेभलपमेन्ट बोर्ड (बिपिडिबी) र भारतको एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभिएन)का प्रमुख कार्यकारीहरूले सम्झौतापत्रमा हस्ताक्षर गर्नेछन्। यी तीनै संस्था सम्बन्धित देशका विद्युत् व्यापार गर्ने सरकारी कम्पनी हुन्।

नेपालको ४० मेगावाट विद्युत् भारतीय प्रसारणलाइनमार्फत बंगलादेश पुऱ्याइनेछ। त्यसैले भारतलाई समेत समावेश गरेर त्रिपक्षीय सम्झौता गर्न लागिएको हो।

### पाँच वर्षका लागि सम्झौता हुने

बंगलादेशसँग पाँच वर्षसम्मका लागि विद्युत् व्यापार गर्ने सम्झौता हुनेछ। हरेक वर्ष १ असारदेखि कात्तिक मसान्तसम्म (पाँच महिना) दैनिक ४० मेगावाट विद्युत् बिक्री गर्ने गरी सम्झौता हुँदै छ। त्यसको भुक्तानी डलरमा हुने गरी सम्झौता गरिनेछ।

नेपालले विद्युत् निर्यात गर्दा प्रतियुनिट ६.४० सेन्ट प्राप्त गर्नेछ। प्राधिकरणले महिनामा दुई करोड ८८ लाख र पाँच महिनामा कुल १४ करोड ४० लाख युनिट विद्युत् निर्यात गर्नेछ। त्यसबाट प्राधिकरणले पाँच महिना ९२ लाख १६ हजार डलर आम्दानी गर्न सक्नेछ।

### भारतीय प्रसारणलाइनको प्रयोग

भारतमा तीन वर्षदेखि विद्युत् निर्यात गर्दै आएको नेपालले बंगलादेशमा समेत विद्युत् निर्यातको सम्झौता गरेपछि सीमा नजोडिएका देशमा पनि विद्युत् निर्यात सुरु गर्नेछ। दक्षिण एसियामा यो पहिलो उपक्षेत्रीय विद्युत् व्यापार हुनेछ।

सम्झौताअनुसार प्राधिकरणले ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारणलाइनमार्फत भारतको मुजफ्फरपुर विन्दुसम्म विद्युत् पुऱ्याउनेछ। बंगलादेशमा निर्यात हुने विद्युत्को मिटर त्यही मुजफ्फरपुरमा रहनेछ। त्यसकै आधारमा प्राधिकरणले बंगलादेशबाट भुक्तानी पाउनेछ। ढल्केबरबाट मुजफ्फरपुरसम्मको प्रसारणलाइनको प्राविधिक चुहावट प्राधिकरणले नै व्यहोर्नेछ।

मुजफ्फरपुरबाट भने बहरामपुर (भारत)-भेरमारा (बंगलादेश) चार सय केभी प्रसारणलाइन हुँदै विद्युत् पुऱ्याइनेछ। यहाँको प्रसारणलाइन शुल्क एनभिभिएनले उठाउने तथा चुहावट, व्यापार मुनाफालगायतका सम्पूर्ण कर तथा शुल्कहरू बंगलादेशले नै व्यहोर्ने सर्त छ। बंगलादेशमा सीमासम्म पुग्दा विद्युत्को लागत प्रतियुनिट करिब ७.६ सेन्ट पुग्नेछ। प्रसारणलाइन प्रयोग गर्न दिएबापत भारतले पनि बंगलादेशबाट निश्चित शुल्क पाउनेछ।

### दुई आयोजनाको बिजुली बंगलादेश पुग्दै

२५ मेगावाटको त्रिशूली र २२ मेगावाटको चिलिमे जलविद्युत्बाट उत्पादित बिजुली बंगलादेश निर्यात हुनेछ। भारतले उक्त दुई परियोजनाको विद्युत् आफ्नो बजारमा बिक्री गर्न यसअघि नै स्वीकृत दिइसकेको छ। अब सोही परियोजनाको विद्युत् बंगलादेशमा बिक्री गर्ने गरी भारतबाट स्वीकृति गराउने प्रक्रिया अघि बढाउने प्राधिकरणले जानकारी दिएको छ। बंगलादेशमा विद्युत् निर्यात गर्न पनि आयोजना तोकेर भारतबाट पूर्वस्वीकृत लिनुपर्ने सर्त छ।

## संक्षेप

### यो साता पनि सुनको मूल्यमा नयाँ रेकर्ड

**काठमाडौं**/ यो साता पनि सुनको मूल्यले नयाँ रेकर्ड बनाएको छ। साताको चौथो दिन बुधबार सुन प्रतितोला एक लाख ५३ हजार रुपैयाँमा कारोबार भएर रेकर्ड कायम गरेको हो।

| बार | प्रतितोला मूल्य |
|---|---|
| आइतबार | १,५२,६०० |
| सोमबार | १,५२,३०० |
| मंगलबार | १,५२,२०० |
| बुधबार | १,५३,००० |
| बिहीबार | १,५१,९०० |
| शुक्रबार | १,५१,४०० |

त्यसयता भने सुनको मूल्य निरन्तर घटेर शुक्रबार प्रतितोला एक लाख ५१ हजार नौ सय रुपैयाँमा किनबेच भएको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ।

### अघिल्लो साताको तुलनामा चाँदीको मूल्य घट्यो

**काठमाडौं**/ यो साता चाँदीको मूल्य अघिल्लो साताको तुलनामा सामान्य दरले घटेको छ। आइतबार प्रतितोला एक हजार आठ सय १० रुपैयाँमा किनबेच भएको चाँदी शुक्रबार प्रतितोला एक हजार आठ सय १५ रुपैयाँमा किनबेच भएको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ।

| बार | प्रतितोला मूल्य |
|---|---|
| आइतबार | १८१० |
| सोमबार | १८१० |
| मंगलबार | १८२० |
| बुधबार | १८३५ |
| बिहीबार | १८३० |
| शुक्रबार | १८१५ |

### दोधारा-चाँदनीको वातावरणीय योजना पेस

**काठमाडौं**/ कञ्चनपुरमा निर्माण हुन लागेको दोधारा-चाँदनी एकीकृत जाँचचौकीको वातावरण व्यवस्थापन योजना वन तथा वातावरण मन्त्रालयलाई पेस गरिएको छ।

भारतीय लगानीमा निर्माण गर्ने टुंगो लागेको परियोजनाका लागि चाँदनी नगरपालिका- १ मा पर्ने गौरिशंकर मध्यवर्ती सामुदायिक वनको एक सय १७ हेक्टर वन क्षेत्रमध्ये ६३ हेक्टर जग्गामा आयोजना सञ्चालन गर्ने प्रस्ताव छ। रुख काट्नुपर्ने भएपछि १७ वैशाख ०८० मा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृति भएको थियो। स्वीकृत योजनाको मस्यौदा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट समेत अध्ययन भएर वन मन्त्रालयलाई हस्तान्तरण गरेको नेपाल इन्टरमोडल यातायात विकास समितिका कार्यकारी निर्देशक आशिष गजुरेलले जानकारी दिए।

### रैथाने जातको बाली प्रवर्द्धनमा कृषिमन्त्रीको जोड

**काठमाडौं**/ कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले स्थानीय तथा रैथाने जातको बाली प्रवर्द्धन गर्नुपर्ने बताएका छन्।

अन्तर्राष्ट्रिय बिउ सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री अधिकारीले हावापानी र भौगोलिक अवस्थितिका कारण गुणस्तरीय बिउबिजन उत्पानदका लागि नेपाललाई उत्कृष्ट गन्तव्यका रूपमा विकास गर्न सकिने उनको भनाइ थियो।

---

■ वैदेशिक व्यापारको दृश्य

# आयात-निर्यात घट्यो, व्यापार घाटा बढ्यो

## वर्षौंदेखि बढिरहेको व्यापार घाटा एक वर्षदेखि सुधारोन्मुख थियो, तर चालू आव ०८१/८२ को पहिलो महिनामै व्यापार घाटा बढेर पुरानै लय समात्ने जोखिम बढेको छ।

**पवन तिमिल्सिना**/नयाँ पत्रिका

आर्थिक वर्ष ०८१/८२ को पहिलो महिना साउनमा व्यापार घाटा बढेको छ। आर्थिक वर्ष ०८०/८१ को साउनमा एक खर्ब १५ अर्ब ७१ करोड रुपैयाँ व्यापार घाटा भएकोमा ०८१/८२ को साउनमा एक खर्ब १६ अर्ब १५ करोड रुपैयाँ पुगेको हो। गत वर्षको साउनको तुलनामा यसपटक ४४ करोड ६ लाख रुपैयाँ (०.३८ प्रतिशत)ले व्यापार घाटा बढेको हो।

व्यापार घाटा बढे पनि आयात र निर्यात दुवै घटेको छ। गत साउनमा एक खर्ब २८ अर्ब ३७ करोड ७१ लाख रुपैयाँको वस्तु आयात भएको छ। एक वर्षअघि साउन ०८० मा एक खर्ब २९ अर्ब २३ करोड ८९ लाखको वस्तु आयात भएको थियो। यसपटक ०.६७ प्रतिशतले आयात घटेको हो। आयातसँगै निर्यात पनि घटेको छ। ०८० साउनमा १३ अर्ब ५२ करोड ८६ लाख ५६ हजार रुपैयाँको वस्तु निर्यात भएको थियो भने गत साउनमा १२ अर्ब २२ करोड ६१ लाख ४७ हजार रुपैयाँको वस्तु निर्यात भएको छ। ९.६३ प्रतिशतले वस्तु निर्यात खस्किएको भन्सार विभागको तथ्यांकले देखाउँछ।

आयात र निर्यात घट्दा कुल वैदेशिक व्यापार १.५२ प्रतिशतले घटेको छ। ०८० साउनमा एक खर्ब ४२ अर्ब ७६ करोड ७६ लाख २७ हजार रुपैयाँ रहेको वैदेशिक व्यापार गत साउनमा एक खर्ब ४० अर्ब ६० करोड ३२ लाख ६८ हजार रुपैयाँ पुगेको छ। यसको अर्थ, एक सय रुपैयाँको वैदेशिक व्यापारमा ८.७० रुपैयाँबराबरको निर्यात भएको छ भने ९१.३० रुपैयाँबराबरको आयात भएको भन्ने हो।

साउनमा सबैभन्दा बढी आयात हुनेमा डिजेल, पेट्रोल, खाना पकाउने एलपिजी ग्यास र हवाई इन्धनको हिस्सा सबैभन्दा धेरै छ। त्यसपछि युरिया, फलामजन्य उत्पादन, स्मार्टफोन, हट रोल्ड आइरन, सूर्यमुखीको कच्चा तेल, रासायनिक मल, भटमासको कच्चा तेल, तोरीको दाना, भटमासको पिना, कोइला, सुन र धान-चामल रहेका छन्।

भन्सार विभागका अनुसार ६ अर्ब ९८ करोड ७१ लाख ९५ हजार रुपैयाँको डिजेल आयात भएको छ। पाँच अर्ब ६९ करोड ३५ लाख चार हजार रुपैयाँको पेट्रोल र चार अर्ब ८२ करोड ६६ लाख ६७ हजारको खाना पकाउने ग्यास आयात भएको छ। युरिया चार अर्ब २७ करोडको आएको छ भने फलामजन्य उत्पादन तीन अर्ब ७२ करोडको आएको छ। तीन अर्ब ४६ करोड ६३ लाखको स्मार्टफोन र हट रोल्ड आइरन तीन अर्बको आयात भएको छ।

विभागका अनुसार दुई अर्ब ६३ करोडको कच्चा सूर्यमुखी तेल, दुई अर्ब ३७ करोडको औषधिजन्य सामग्री, एक अर्ब ७९ करोडको रासायनिक मल, एक अर्ब ३० करोडको कच्चा भटमासको तेल आयात भएको छ।

त्यस्तै, एक अर्ब २५ करोडको तोरीको दाना, एक अर्ब २० करोडको हवाई इन्धन, एक अर्ब १८ करोडको भटमासको पिना, एक अर्ब ११ करोडको कोइला, एक अर्ब चार करोडको सुन र एक अर्ब तीन करोडको धान आयात भएको विभागले जनाएको छ।

निर्याततर्फ भने गलैँचाले अग्रस्थान ओगटेको छ। कुल १२ अर्ब २२ करोडको वस्तु निर्यात हुँदा एक अर्ब ११ करोड रुपैयाँको गलैँचा मात्रै निर्यात भएको छ। सबैभन्दा बढी अमेरिकामा गलैँचा निर्यात भएको तथ्यांक छ। ऊनी र जनावरको रौँबाट निर्मित गलैँचाको माग बढ्दै गएको छ। नेपाली गलैँचा अमेरिकामा ७८ करोड ८४ लाख रुपैयाँको निर्यात भएको छ। अमेरिकामा ६७.४९ प्रतिशत गलैँचा निर्यात भएको छ।

### ■ अर्बौंमा आयात

**प्रमुख आयातीत १० वस्तु**

- **डिजेल** : ६ अर्ब ९८ करोड
- **पेट्रोल** : पाँच अर्ब ६९ करोड
- **ग्यास** : चार अर्ब ८२ करोड
- **युरिया** : चार अर्ब २७ करोड
- **फलाम** : तीन अर्ब ७२ करोड
- **स्मार्टफोन** : तीन अर्ब ४६ करोड
- **हट रोल्ड आइरन** : तीन अर्ब
- **कच्चा सूर्यमुखी तेल** : २.६३ अर्ब
- **औषधि** : दुई अर्ब ३७ करोड
- **मल** : एक अर्ब ७९ करोड

### ■ करोडमा निर्यात

**प्रमुख निर्यातीत १० वस्तु**

- **गलैँचा** : एक अर्ब ११ करोड
- **फेल्ट** : ५८ करोड २० लाख
- **चिया** : ५१ करोड ३२ लाख
- **फलाम** : ४७ करोड ९७ लाख
- **तोरीको पिना** : ४३.३१ करेड
- **प्लाई** : ४२ करोड ३३ लाख
- **जुस** : ३५ करोड २६ लाख
- **जुट बोरा** : ३१ करोड ६४ लाख
- **धागो** : ३५ करोड २६ लाख (८५ प्रतिशतसम्म पोलिस्टर भएको)
- **धागो** : ३४ करोड १७ लाख (८५ प्रतिशतभन्दा बढी पोलिस्टर भएको)

विभागका अनुसार ५८ करोड २० लाखको फेल्ट निर्यात भएको छ। ५१ करोड ३२ लाखको चिया, ४७ करोड ९७ लाखको फलाम तथा स्टिल रोल, ४३ करेड ३१ लाखको तोरीको पिना, ४२ करोड ३३ लाखको काठको प्लाई, ३५ करोड २६ लाखको (८५ प्रतिशतसम्म पोलिस्टर भएको) धागो, ३५ करोड २६ लाखको जुस, ३४ करोड १७ लाखको (८५ प्रतिशतभन्दा बढी पोलिस्टर भएको) धागो निर्यात भएको छ। त्यस्तै, ३१ करोड ६४ लाखको जुटको बोरा निर्यात भएको छ।

# भदौ अन्तिममा पूर्वाधार सम्मेलन

**काठमाडौं**/ रणनीतिक लगानीमार्फत दिगो विकास भन्ने मूल भावसहित पाँचौँ संस्करणको 'बिवाइडी नेपाल इन्फ्रास्ट्रक्चर समिट २०२४' आयोजना हुने भएको छ। नेपाल उद्योग परिसंघको अगुवाइमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय आयोजक र लगानी बोर्डको कार्यालय तथा वाइसिएनसी सहआयोजक रहने सम्मेलन यही २७ र २८ भदौमा काठमाडौंमा आयोजना हुने भएको हो।

शुक्रबार पत्रकार सम्मेलन आयोजना गरी परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले सार्वजनिक-निजी साझेदारी (पिपिपी) अवधारणाअनुरूप सरकार, भौतिक पूर्वाधार मन्त्रालय र लगानी बोर्डसँगको सहकार्यमा सम्मेलन आयोजना गर्न लागेको बताए। 'पूर्वाधारमा धेरै लगानी आवश्यक रहेको, तर स्रोतको अभाव भइरहेको अवस्थामा पूर्वाधार क्षेत्रका लागि कसरी स्रोत जुटाउन सकिन्छ, नीतिगत रूपमा के-के सुधार गर्नुपर्छ, पूर्वाधार विकासका सन्दर्भमा अन्तर्राष्ट्रिय अभ्यासहरू के-के छन् भन्ने विषयमा गहन रूपमा सम्मेलनमा छलफल हुनेछ,' उनले भने, 'सम्मेलनबाट प्राप्त सुझाव सरकारलाई उपलब्ध गराइनेछ।'

लगानी बोर्डका निमित्त प्रमुख कार्यकारी अधिकृत प्रधुम्नप्रसाद उपाध्यायले लगानी सम्मेलनका क्रममा राखिएका परियोजनाहरू पूर्वाधार सम्मेलनमा पनि राखिने बताए।


**कालिका नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**रेडक्रसग्राम, चितवन**

**विषय: राष्ट्रिय दैनिक पत्रिकामा बिज्ञापन एवं सूचना प्रकाशन गर्ने सम्बन्धी कार्यको दररेट स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशन मितिः २०८१-०५-०७)**

यस कालिका नगरपालिकावाट मिति २०८१ साल श्रावण ०८ गते प्रकाशित शिलबन्दी दरभाउपत्र प्रस्ताव आब्वानको सूचनाको म्याद भित्र पर्न आएका शिलबन्दी प्रस्तावहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारको शिलबन्दी प्रस्ताव स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि शिलबन्दी प्रस्ताव स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

**काठमाडौँबाट नेपाली भाषामा प्रकाशन हुने राष्ट्रिय दैनिक पत्रिका**

| सि. नं. | राष्ट्रिय दैनिकको नाम/पत्रिकाको नाम | कबोल दर प्रति सि.सि, (ने.रू) (मू.अ कर बाहेक) | छनौट भएको बिज्ञापन एजेन्सी (प्रस्तावदाता) | कैफियत |
|---|---|---|---|---|
| १ | नयाँ पत्रिका राष्ट्रिय दैनिक | ३३९ | Future Hub Media Multipurpose Pvt Ltd., Anamnagar, kathmandu | पेश भएको प्रस्तावहरु मध्य कम प्रति सि.सि रकम कबोल गरेको |
| २ | प्रभाब राष्ट्रिय दैनिक | ३३९ | | |

**चितवन जिल्लाबाट नेपाली भाषामा प्रकाशित हुने दैनिक पत्रिकाहरु**

| सि. नं. | राष्ट्रिय दैनिकको नाम/पत्रिकाको नाम | कबोल दर प्रति सि.सि, (ने.रू) (मू.अ कर बाहेक) | छनौट भएको बिज्ञापन एजेन्सी (प्रस्तावदाता) | कैफियत |
|---|---|---|---|---|
| १ | चितवन पोष्ट राष्ट्रिय दैनिक | ३३० | Future Hub Media Multipurpose Pvt Ltd., Anamnagar, kathmandu | पेश भएको प्रस्तावहरु मध्य कम प्रति सि.सि रकम कबोल गरेको |
| २ | संचार पत्र राष्ट्रिय दैनिक | २३५ | | |
| ३ | कायाकैरन राष्ट्रिय दैनिक | २३५ | | |
| ४ | लोकतन्त्र सन्देश राष्ट्रिय दैनिक | २०० | | |

**प्रमुख प्रशासकीय अधिकृत**